नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

पत्र संख्याः- शा.सु. ०७६/०७७-५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 3839

नेपाल सरकार
गृह मन्त्रालय

अत्यन्त जरुरी

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः २०७६/१२/१३

विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौं
श्री प्रहरी महानिरीक्षक ज्यू,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाण्डौं
श्री प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, सबै

प्रस्तुत विषयमा वर्तमान अवस्थामा आवश्यक खाद्यवस्तुहरुको आपूर्ति व्यवस्थापन सहज बनाउनको लागि मिति २०७६/१२/१३ गते श्रीमान गृहसचिवज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय पाना १ (एक) यसै पत्रसाथ संलग्न राखी जानकारी एवं आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

श्री संघीय मामिला महाशाखा
मेमसाङ्टमा पठाउने।

२०७६/१२/१३

(प्रतिक राई)
शाखा अधिकृत

निर्णयहरु:

१. काठमाण्डौं उपत्यका भित्र रहेका अत्यावश्यक खाद्य वस्तुका सबै Store एवं विक्रेताहरुले आ-आफ्ना Delivery Van मार्फत आवश्यक दैनिक उपभोग्य वस्तुहरुको सहज आपूर्तिको व्यवस्था मिलाउने ।

२. आवश्यक पर्ने Delivery Van हरुलाई सवारी पासको व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुले मिलाउने ।

३. पसलहरु संचालन, माग संकलन र वितरण गर्ने कार्यमा आवश्यक पर्ने सुरक्षा व्यवस्था महानगरीय प्रहरी कार्यालयले मिलाउने ।

४. माग संकलन र वितरण गर्ने कार्यलाई सहज र व्यवस्थित गर्नको लागि सबै Store एवं विक्रेताहरुले आ-आफ्नो Toll Free Number वा अन्य नम्बर उपलब्ध गराई प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने । फोन, Online, Offline मार्फत माग संकलन गरी माग भएका आवश्यक दैनिक उपभोग्य वस्तुहरुको (Combo Pack समेत) बिक्रिवितरण गर्ने ।

५. दैनिक उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थापनलाई सहज गर्न गराउनको लागि सबै वडा कार्यालयहरुबाट आवश्यक सहजीकरण गर्ने गराउने व्यवस्था काठमाण्डौं महानगरपालिका र सम्बन्धित उपमहानगरपालिका/नगरपालिकाहरुले मिलाउने ।

६. काठमाण्डौं उपत्यका बाहिर रहेका अत्यावश्यक वस्तुका Store एवं विक्रेताहरुले पनि उपरोक्तानुसारको व्यवस्था मिलाई आपूर्ति व्यवस्थापनलाई सहज बनाउने र यस कार्यमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरुले सहयोग गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय

महेश्वर न्यौपाने
सचिव